ती मानिस नोआ थिए । शेतका सन्तान नोआ धर्मी र निर्दोष मानिस थिए । तिनी परमेश्वरसँगै हिंडे ।



19

तिनले आफ्ना तीनजना छोराहरूलाई पनि परमेश्वरको आज्ञा पालन गर्न सिकाए । अब परमेश्वरले नोआलाई अत्यन्त अनौठो र विशेष तरिकाले प्रयोग गर्ने योजना बनाउनुभयो !



20

# मानिसको दुःखको सुरुवात्



मानिसको दुःखको सुरुवात्

परमेश्वरको वचन बाइबलबाट लिइएको कथा

जुन

उत्पत्ति ३-६
मा पाइन्छ

“तपाईंका वचनको व्याख्याले ज्योति प्रदान गर्छ ।”
भजनसंग्रह ११९:१३०

**लेखन** Edward Hughes
**चित्र** Byron Unger; Lazarus

**अनुवाद** B.K. Shrestha
**संयोजन** M. Maillot; Tammy S.

Story 2 of 60

**M1914.org**

**Bible for Children, PO Box 3, Winnipeg MB  R3C 2G1  Canada**

अनुमतिपत्रः यो कथा सित्तैंमा वितरण गर्नको निम्ति मात्र प्रतिलिपि गर्न वा छाप्न अनुमति दिइएको छ तर बिक्रीका लागि होइन ।

हामीले खराब कामहरू गरेका छौं भन्ने परमेश्वर जान्नुहुन्छ जसलाई उहाँ पाप भन्नुहुन्छ । पापको सजाय मृत्यु हो ।

परमेश्वरले हामीलाई यति धेरै प्रेम गर्नुहुन्छ कि हाम्रा पापको निम्ति क्रूसमा मरेर सजाय भोग्न उहाँले आफ्ना एकमात्र पुत्र येशूलाई पठाउनुभयो । त्यसपछि प्रभु येशू फेरि जीवित हुनुभयो र स्वर्ग फर्किजानुभयो ! अब परमेश्वरले हाम्रा पापहरू क्षमा गर्न सक्नुहुन्छ ।

यदि तिमी आफ्ना पापहरूदेखि फर्किआउन चाहन्छौ भने परमेश्वरलाई यसो भनः प्यारो परमेश्वर, प्रभु येशू मेरो निम्ति मर्नुभयो र अहिले फेरि जीवित हुनुभएको छ भनी म विश्वास गर्दछु । कृपा गरी मेरो जीवनमा आउनुहोस् र मेरा पापहरू क्षमा गर्नुहोस् ताकि मैले अहिले नयाँ जीवन पाउन र सधैंभरि तपाईंसँग बस्न सकूँ । तपाईंको सन्तान भएर तपाईंको निम्ति जिउन मलाई सहायता गर्नुहोस् । आमेन । यूहन्ना ३:१६

दिनहुँ बाइबल पढ र परमेश्वरसँग कुराकानी गर !

नेपाली Nepali

परमेश्वरले सबै कुरा बनाउनुभयो ! परमेश्वरले पहिलो मानिस आदम बनाउनुभयो र तिनी आफ्नी श्रीमती हव्वासँगै अदनको बगैंचामा बसे । परमेश्वरको आज्ञा पालन गर्दै तिनीहरू आनन्दसाथ जिइरहेका थिए । एक दिन ...



1

“के परमेश्वरले तिमीहरूलाई कुनै पनि रूखको फल नखानू भनी भन्नुभएको छ ?” सर्पले हव्वालाई सोध्यो । “बगैंचाका एउटा रूखबाहेक सबै रूखहरूका फल हामी खान सक्छौं,” उनले जवाफ दिइन् । “हामीले त्यो फल खायौं वा छोयौं भने पनि हामी मर्नेछौं ।” सर्पले छल गर्दै भन्यो, “तिमीहरू मर्नेछैनौ ।”



2


“तिमीहरू परमेश्वरजस्तै हुनेछौ ।” हव्वाले त्यो रूखको फल खान चाहिन् । सर्पको कुरा सुनेर तिनले त्यो फल खाइन् ।
3


हव्वाले परमेश्वरको अवज्ञा गरेपछि आदमलाई पनि त्यो फल खान लगाइन् । आदमले यसो भनेका हुनुपर्छ, “अहँ ! म परमेश्वरको वचनको अवज्ञा गर्नेछैनँ ।”
4


आदम र हव्वाले पाप गरेपछि तिनीहरू दुवैले आफूहरू नाङ्गै भएको थाहा पाए । नेभाराका पातको लुगा बनाएर लगाएपछि तिनीहरू परमेश्वरको उपस्थितिदेखि झाडीभित्र लुके ।
5


शीतल साँझपख परमेश्वर बगैंचामा आउनुभयो । आदम र हव्वाले गरेका काम उहाँलाई थाहा थियो । आदमले हव्वालाई दोष लगाए । हव्वाले सर्पलाई दोष लगाइन् । परमेश्वरले भन्नुभयो, “सर्प श्रापित भएको छ । सन्तान जन्माउँदा स्त्रीलाई पीडा हुनेछ ।”
6


“आदम, तैँले पाप गरेको हुनाले जमीन श्रापित भएको छ अनि त्यसले काँडा र सिउँडी उमार्नेछ । तैँले पसिना बगाउँदै परिश्रम गरेर दैनिक भोजन खानेछस् ।”
7


परमेश्वरले आदम र हव्वालाई त्यो सुन्दर बगैंचादेखि धपाइदिनुभयो । तिनीहरूले पाप गरेका हुनाले तिनीहरू जीवन दिनुहुने परमेश्वरदेखि अलग पारिए !
8


परमेश्वरले तिनीहरूलाई बगैंचाभित्र पस्न नदिन ज्वालामय तरवार बनाउनुभयो । परमेश्वरले आदम र हव्वाको निम्ति छालाका लुगा बनाइदिनुभयो । परमेश्वरले त्यो छाला कहाँबाट ल्याउनुभयो ?
9


केही समयपछि आदम र हव्वाका सन्तान जन्मिए । तिनीहरूका जेठो छोरा कयिन खेतीकिसानी गर्ने भए । तिनीहरूका माहिलो छोरा हाबिल भेडागोठाला भए । एक दिन कयिनले परमेश्वरलाई केही सागसब्जी भेटी चढाए । हाबिलले चाहिँ आफ्ना सबैभन्दा राम्रा भेडाहरू परमेश्वरलाई भेटी चढाए । परमेश्वरले हाबिलको भेटी ग्रहण गर्नुभयो ।
10


परमेश्वरले कयिनको भेटी ग्रहण गर्नुभएन । कयिन असाध्यै रिसाए । तर परमेश्वरले भन्नुभयो, “यदि तैँले जे ठीक छ त्यो गरिस् भने तँ ग्रहणयोग्य हुँदैनस् र ?”
11


कयिनको रिस मरेन । केही समयपछि खेतमा तिनले हाबिललाई हिर्काएर मारे !
12


परमेश्वरले कयिनलाई भन्नुभयो, “तेरो भाइ हाबिल कहाँ छ ?” “मलाई थाहा छैन,” कयिनले ढाँटे । “के म मेरो भाइको गोठाला हुँ र ?” परमेश्वरले कयिनलाई सजाय दिनुभयो अनि खेतीकिसानी गर्न नसक्ने र डुलुवा बनाइदिनुभयो ।
13


कयिन परमप्रभुको उपस्थितिदेखि निस्किगए । तिनले विवाह गरे र तिनीहरूको एउटा परिवार भयो । छिट्टै नै, कयिनले बसालेका सहर तिनका नातिनातिना र पनातिपनातिनाहरूले भरियो ।
14


उता आदम र हव्वाको परिवार पनि छिट्टै वृद्धि भयो । ती दिनमा मानिसहरू अहिलेभन्दा धेरै लामो समयसम्म बाँच्थे ।
15


शेतलाई जन्माएपछि हव्वाले भनिन्, “परमेश्वरले मलाई हाबिलको सट्टामा शेत दिनुभयो ।” शेत धर्मी मानिस थिए जो ९१२ वर्ष बाँचे र तिनका धेरै सन्तान भए ।
16


संसारमा एकपछि अर्को पुस्ता गर्दै मानिसहरू झन्झन् दुष्ट हुँदै गए । अन्त्यमा परमेश्वरले मानवजातिलाई र ...
17


... सबै जनावरहरू र चराहरूलाई नाश पार्ने निर्णय गर्नुभयो । मानिसलाई बनाएकोमा परमेश्वरले पछुतो गर्नुभयो । तर एकजना मानिसले परमेश्वरलाई खुसी पारे ...
18